का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १३८

❒ ६ साउन २०७७, मंगलबार

❒ 21 July 2020, Tuesday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: सोमबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | १७६५८ जना | ११६९५ जना | ३१५५७० | ५९२३ | ४० जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ४४ लाख ९५ हजार | ८६ लाख ६१ हजार | ६ लाख ६ हजार | ५२ लाख २५ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

## खुमलटारको निष्कर्ष

# ओलीसँग सहमति

■प्रधानमन्त्री इतर पूर्व एमाले समूहको पनि छलफल ■आजको स्थायी कमिटी बैठक बस्ने संभावना कम, सचिवालय अनिश्चित

**कुनै पनि औपचारिक छलफल तथा बैठक नराखिएको सोमबार खुमलटार र डल्लुमा दुई पक्षको छुट्टा-छुट्टै भेला भएको छ । विशेष चासो दिइएको खुमलटार भेलाले पार्टी एकता बलियो बनाउन अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीसँग मिलेर अगाडि बढ्नुको विकल्प नरहेको निष्कर्ष निकालेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ साउन ।



सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मा मंसिरमा महाधिवेशन प्रस्ताव गरिए पछि पार्टी भित्रको विवादले समेत नयाँ मोड लिएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले शनिबारको सचिवालय बैठकमा नेतृत्व परिवर्तन गर्न मंसिरमा महाधिवेशन गर्न सकिने प्रस्ताव गरेका छन् । प्रधानमन्त्री ओलीको यस्तो प्रस्ताव आए पछि भने उनी इतरकै नेताहरु समेत बाँडिएका छन् ।

आइतबार राखिएको स्थायी कमिटी बैठक स्थगित भएपछि सोमबार कुनै छलफल हुन सकेन । तर, कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल र बरिष्ठ नेता माधवकुमार नेपालले भने आफू निकट नेताहरुसँग छुट्टा-छुट्टै भेला राखेको छ । पूर्व एमाले खेमाका स्थायी कमिटी नेताहरु झलनाथ खनाल निवास डल्लुमा भेला भएका थिए । यो समूहले प्रचण्डले आफूहरुलाई धोका दिएको बुझाइ निर्माण भएको छ । त्यसैबारे प्रष्ट हुन आइतबार बिहान बरिष्ठ नेता खनाल, नेपाल सहित स्थायी कमिटीका नेताहरु खुमलटार पुगेका थिए ।

प्रवक्ता नारायणकाजी श्रेष्ठ समेत सहभागी उक्त टोली स्थायी कमिटका नेताहरु अष्टलक्ष्मी शाक्य, भीम रावल, सुरेन्द्र पाण्डे, गोकर्ण बिष्ट, रघुजी पन्त लगायत थिए । उक्त छलफलमा प्रचण्डले विशेष महाधिवेशनबारे ओलीसँग आफूले सहमति नगरेको बताएका थिए । गएको असार १७ गते देखि लगातार स्थगित हुँदै आएको स्थायी कमिटी बैठक आज बोलाइएको छ । तर, आज पनि बस्ने निश्चित छैन ।

स्थायी कमिटी सदस्य देबेन्द्र पौडेल सुनिलले अब धेरै अलमलमा रहनु नहुने पक्षमा आफूहरु रहेको बताए । उनले सोमबार खुमलटारमा बसेको छलफलको निष्कर्ष सुनाउँदै भने, "पार्टी पदका लागि मात्रै बहस भएको बुझाइ निर्माण भयो । अब वैचारिक बहस गर्ने तर, चाँडै राजनीतिक निकास दिनेमा सहमत भएका छौं ।" सहभागीहरुले प्रचण्डलाई पार्टी एकतालाई जोड दिन ओलीसँग सहमति खोज्नुपर्ने सुझाव दिएका थिए । जस्तो अवस्था आएपनि सहमति गर्नुपर्ने भनेको ओलीसँगै भएको निष्कर्ष निकालिएको एक स्थायी कमिटी सदस्यले बताए ।

अर्थात्, प्रचण्ड अब राजनीतिक निकासका लागि तयार भएको देखिन्छन् । गएको असार २७ गते चितवन पुगेरै प्रचण्डले पार्टी विभाजन हुन नदिने बताएका थिए । तर, प्रधानमन्त्री ओलीले विशेष महाधिवेशनको प्रस्ताव गरेपछि प्रचण्ड र नेपाल पक्षका नेताहरु भने अलमल देखिएको छ । महाधिवेशनको विरोध जनाउन पनि नसक्ने तर, महाधिवेशन हुने कुनै निश्चित नभएकाले उनीहरुमा आशंका उत्पन्न भएको छ ।

असार १० गते स्थायी कमिटी बैठक शुरु भएको थियो । तर, प्रधानमन्त्री र अध्यक्ष दुवै पदबाट राजीनामा दिनुपर्ने नेताहरुको माग पछाडि प्रधानमन्त्री ओलीले संसद अधिवेशन अन्त्य गर्ने, मन्त्रीहरुलाई कित्ता प्रष्ट पार्न आग्रह गर्ने लगायतका कदम चाल्दै विभाजन गर्ने चेतावनी दिइसकेका छन् ।

# वर्षाको बितण्डा

**केही दिन देखि परिरहेको अविरल वर्षाका कारण देशभरको जनजीवन प्रभावित बनेको छ भने पहिरोमा परी मृत्यु हुनेको संख्या ११३ पुगेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ साउन ।



*महाकाली नदीमा बाढीसँगै बगेर आउने काठ एवं दाउरा संकलन गर्न महाकाली नदीमा पुगेका कञ्चनपुरको भीमदत्तनगरपालिका-१३ का स्थानीय । तस्वीरः शेरबहादुर सिंह*

केही दिन यता लगातार परिरहेको अविरल वर्षाका कारण देशभरको जनजीवन प्रभावित बनेको छ । जल तथा मौसम विज्ञान विभागले देशभरका नदीमा बहाब बढेकाले सतर्क रहन आग्रह गरेको छ । विभागले अविरल वर्षाका कारण कन्काइ, कमला, बामती, तिनाइ, पश्चिम सेतीका केही सहायक नदीहरुको बहाब उच्च बनेको जनाएको छ ।

अविरल वर्षाका कारण तराई मधेशका जिल्लाहरुका कयौं बस्ती डुबानमा परेका छन् । उद्धारका लागि नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी परिचालित छन् । स्थानीयले पनि उद्धार कार्यलाई जोड दिएका छन् ।

गएको वैशाखमा शुरु भएको मनसुन सक्रिय हुँदा पहिरो, बाढी र चट्याङले ठूलो सख्यामा नागरिकको ज्यान गइसकेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पहिरोमा परेर मात्रै ११३ जनाको मृत्यु भएको जनाएको छ ।

सोमबार मात्रै तीन जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ । कालिकोट, दार्चुला र काठमाडौंमा एक-एक जनाको मृत्यु भएको हो । काठमाडौंको कागेश्वरी मनहरा नगरपालिका-१ गगलफेदीमा पहिरोमा पुरिएर एक जनाको मृत्यु भएको छ भने कालिकोटको पचालझरना गाउँपालिका-३ मा पहिरोमा परी एक जनाको मृत्यु भएको छ । पहिरोले तीन घर परिदा थप एक जना घाइते भएका छन् ।

उता दार्चुलाको नौगाड गाउँपालिका-६ परीगाउँमा खोलाको बहाब बढ्दा एक जनाको मृत्यु भएको छ भने एक बेपत्ता भएको प्रहरीले जनाएको छ । देशभर पहिरोमा परी ४३ जना बेपत्ता भएका छन् भने ८७ जना घाइते भएको जनाइएको छ ।

यस्तै बाढीबाट ६ जनाको मृत्यु, ६ जना बेपत्ता र तीन घाइते भएका छन् । चट्याङबाट पनि ४७ जनाको मृत्यु र १६१ जना घाइते भएका छन् । सोमबार, साँझ मात्रै धादिङको गजुरी गाउँपालिका-२ मलेखुस्थित फुर्केखोला र मलेखुबजार पुल छेउमा पहिरामा परेर बेपत्ता किशोरीको शव फेला परेको छ । मृत्यु हुनेमा १७ वर्षीया निरुता परियार रहेको इलाका प्रहरी कार्यालय गजुरीका प्रहरी नायब उपरीक्षक खगेन्द्रराज खड्काले बताए ।

घरमाथिबाट पहिरो आएर घरसमेत बगाएको थियो । पहिरामा पुरिएकी निरुताको नेपाल प्रहरी, सशस्त्र प्रहरी नेपाली सेनालगायतले उद्धार गरेको उद्धारमा संलग्न रामहरि थापाले बताउनुभयो । पहिरो जाँदा पाँच घर पुरिएका छन् । घर पुरिएकालाई छिमेकीको घरमा राखिएको छ । घटनामा पाँचजना घाइते भएका छन् भने एक जनाको अवस्था गम्भीर छ ।


यसैगरी थाक्रे गाउँपालिका-६ की ६० वर्षीया लक्ष्मी पुनमगरलाई महेशखोलाले बगाउँदा बेपत्ता भएका छन् । बाढी आएको खोला तर्न लाग्दा महादेव बँसीबाट हराएको महादेव बँसी प्रहरीचौकीका प्रमुख प्रहरी सहायक निरीक्षक किरण पोखरेलले बताए ।

# भदौदेखि हवाइ उडान खुल्ने

## मन्त्रालयले प्रोटोकल तयार पार्ने

**२७ प्रयोगशालामा गरीको परीक्षणमा सोमबार १८६ संक्रमित थपिएका छन् भने १७३ जना डिस्चार्ज गरेका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ साउन ।



गएको चैत ११ गते देखि बन्द भएको हवाई उडान खोल्ने सरकारले निर्णय गरेको छ । सोमबार बसेको मन्त्रिपरिषदले भदौ १ गते देखि आन्तरिक तथा बाह्य उडान खोल्ने निर्णय गरेको संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्री योगेशकुमार भट्टराईले बताए । उनका अनुसार, भदौदेखि नियमित उडान हुनेछ ।

यस अगाडि नै सरकारले सार्वजनिक यातायात खोल्ने निर्णय गरिसकेको छ । कोरोना महामारी रोकथामका लागि सरकारले सबै सार्वजनिक यातायात, हवाई उडान र स्थलगत आवागमन रोकेको थियो । तर, अझै अन्तर जिल्ला यातायात खोल्ने निर्णय गरेको छैन । तर, हवाइ उडान भने कडा सावधानी अपनाउँदै खोल्ने निर्णय भएको मन्त्री भट्टराईले बताए । यसका लागि मन्त्रालयले आवश्यक प्रोटोकल बनाउने जिम्मेवारी पर्यटन मन्त्रालयलाई दिएको छ ।

### घटेनन् संक्रमित

गएको २४ घण्टामा देशका २७ प्रयोगशालामा चार हजार २१६ जनामा गरिएको परीक्षणमा १८६ जना संक्रमित पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नियमित पत्रकार सम्मेलन गरी १८६ संक्रमित थपिएको जानकारी दिएको हो ।

सुनसरी, झापा, इलाम, मोरङ, सिराहा, सप्तरी, धनुषा, पर्सा, बारा, काठमाडौं, सर्लाही, सोलुखुम्बु, ललितपुर, कास्की र लमजुङमा संक्रमित थपिएका हुन् । यस्तै तनहुँ, स्याङजा, बाँके, रोल्पा, सल्यान, रुकुमपूर्व, दाङ, दैलेख, सुर्खेत, हुम्ला, कालिकोट, डोटी र कैलालीमा संक्रमित पुष्टि भएको मन्त्रालयले जनाएको छ ।

सोमबार थपिएको सहित देशभर संक्रमित संख्या १७ हजार ८४४ पुगेको छ । प्रदेशअनुसार सक्रिय संक्रमित संख्या प्रदेश १ मा ९३, प्रदेश २ मा एक हजार ९३३, बागमती प्रदेशमा ३९९, प्रदेश ५ मा ४१०, कर्णाल प्रदेशमा २९९ र सुदूर पश्चिम प्रदेशमा दुई हजार ४१८ छ । हालसम्म क्वारेन्टिनमा २२ हजार २२८ जना छन् ।

बितेको २४ घण्टामा डिस्चार्ज हुने संख्या १७३ छ । हालसम्म डिस्चार्ज हुनेको संख्या ११ हजार ८६८ छ । मन्त्रालयले अहिलेसम्म ६६ दशमलव ५१ प्रतिशत निको भएको जनाएको छ ।

हाम्रो स्वास्थ्य एप्लिकेशन डाउनलोड गर्नेको संख्या एक लाख ६१ हजार २० छ । त्यसमा सक्रिय प्रयोगकर्ता ८७ हजार पाँच छन् । ८७ जनाले इन्ट्री गरेकामा रेड जोनमा एक जना अर्घाखाँचीका व्यक्ति परेको मन्त्रालयले जनाएको छ । मन्त्रालयको वेबसाइट हेर्ने र भाइबर ग्रुपमा जोडिनेको संख्या उल्लेख्य रहेको छ ।

मन्त्रालयले ५०० भन्दा बढिरहेका तीन जिल्लामा रौतहट, कैलाली र बाजुरा रहेका छन् । हाल एक जना पनि संक्रमित नभएका जिल्लामा भोजपुर, पाँचथर, धनकुटा, संखुवासभा, रसुवा, मनाङ र मुस्ताङ छन् ।

# उडानसँगै वैदेशिक रोजगार खुल्ने आश

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ साउन

लामो समय कार्यालय बन्द गरेर बसेका वैदेशिक रोजगार व्यवसायीहरुलाई फेरि अर्को खुशी थपिएको छ । सरकारले वार्षिक सय जना कामदार वैदेशिक रोजगारमा पठाउन नपाएका म्यानपावर कम्पनीहरुको नवीकरण गरिदिने निर्णय गरेपछि खुशी भएका व्यवसायीहरु करिब पाँच महिनादेखि बन्द रहेको आन्तरिक तथा बाहृय हवाइ उडान आगामी भदौ १ गतेबाट सुरु गर्ने निर्णय गरेपछि थप उत्साहित भएका छन् ।

मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले भदौ १ गतेबाट आन्तरिक तथा बाहृय उडान शुरु गर्ने निर्णय गरेको हो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईका अनुसार नागरिक उड्डयन मन्त्रालयले हवाइ उडानसम्बन्धी स्वास्थ्य लगायतका प्रोटेकल बनाउने र मन्त्रिपरिषद्बाट पारित भएपछि उडान शुरु गरिने छ ।

कोरोना भाइरस (कोभिड-१९) संक्रमण विश्वभर फैलिएपछि नेपालले संक्रमणलाई फैलन नदिन गत वर्ष चैत ५ गतेबाट अन्तर्राष्ट्रिय हवाइ उडान बन्द गरेको थियो । सोही महिनाको ११ गतेबाट आन्तरिक उडान पनि रोकिएका थिए । जेठ २६ बाट लकडाउन केही खुकुलो गरिएपछि आन्तरिक तथा अन्तर्राष्ट्रिय दुबै प्रकारका हवाई सेवा सुचारु गर्न सरकारमाथि दवाब बढेको थियो ।

नेपाल सरकारको कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिले फागुन २९ गतेदेखि वैदेशिक रोजगारीमा जाने श्रम स्वीकृति स्थगन गर्ने निर्णग गरेको थियो । त्यसको भालिपल्ट फागुन ३० देखि श्रम स्वीकृति अनिश्चितकालका लागि स्थगन रहेको छ । त्यसपछि सबै म्यानपावर कम्पनी बन्द रहेका छन् । त्यसयता जापान र दक्षिण कोरियामा केही नेपाली कामदार वैदेशिक रोजगारीमा गएका भएपनि खाडी र मलेसिया रोजगारीमा जाने कामदार जान पाएका छैनन् ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अनुसार श्रम स्वीकृति स्थगनअघि रोजगारदाताले भिसा दिई वैदेशिक रोजगार विभागबाट विदेश जान अनुमति प्राप्त गरेका १ लाख १५ हजार कामदार अन्तर्राष्ट्रिय उडान अवरुद्ध हुँदा विदेश जान पाएका छैनन् ।

पूर्व स्वीकृति प्राप्त गरेका ३ लाख २८ हजार ६ सय ८१ जना कामदारको अन्तिम श्रम स्वीकृति हुन सकेको छैन । नेपाली कामदारहरुका लागि आएका यी श्रम स्वीकृति विभिन्न देशबाट आएका हुन् । ती मध्ये कतिपय देशमा आवागमन खुकुलो भई रोजगारी शुरु भएको छ । हालसम्म साउदी अरब, युएई, ओमान, कुवेतले लकडाउन खुला गरी कडा सुरक्षाकाबीच औद्योगिक उत्पादन शुरु गरेका छन् । मलेसियाले पनि काम शुरु गरेको छ ।

भारतले करिब एक महिना अघि नै नागरिक, ग्रीन कार्डवाहक, कम्तीमा तीन महिनाको आवासीय भिसा रहेका भारतीय नागरिक, अध्ययनका लागि जाने विद्यार्थी, वैदेशिक रोजगारी, ईन्टर्नसिप, उच्चशिक्षा अध्ययनका लागि भर्ना लगायतका काममा जानु पर्नेहरुलाई यात्रा अनुमति दिन शुरु गरेको छ ।

नेपालले अन्तराष्ट्रिय उडान शुरु गरी साढे तीन महिनाभन्दा अघि देखि रोकिएको श्रम स्वीकृति दिए त्यसले नेपाली जनजीवनलाई चलायमान गराउन सहज पुग्ने र बढ्दो बेरोजगारी समस्या समाधानमा सहयोग पुग्ने वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ रहँदै आएको छ ।

**वैदेशिक रोजगार विशेष**

## युवा रोजगारीका लागि विश्व बैंकको १४ अर्ब

**काठमाडौं/मस–** आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्न विश्व बैंकको ऋण सहयोगमा आर्थिकरुपमा विपन्न बेरोजगार युवालाई रोजगारीको अवसर सिर्जना, सीप तथा क्षमता अभिवृद्धि र रोजगारमूलक सेवाको विस्तारमार्फत श्रम बजारको परिणाममा सुधार ल्याउने लक्ष्यकासाथ सञ्चालित 'युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना'को श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादव र माल्दिभ्स नेपाल तथा श्रीलंकाका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिश हदाद जर्भोशबाट सोमबार संयुक्तरुपमा शुभारम्भ भएको छ ।

मन्त्रालयमा आयोजित एक संक्षिप्त कार्यक्रमकाबीच उक्त आयोजना शुभारम्भ भएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता सुमन घिमिरेले जानकारी दिए । प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गरी आगामी ४ वर्षसम्म सञ्चालन हुने उक्त आयोजनाको कुल लागत १२० मिलियन अमेरिकी डलर करिब १४ अर्ब रुपैयाँ बराबरको रहेको छ । विश्व बैंकको उक्त सहयोगका लागि मन्त्री यादवले धन्यवादसमेत ज्ञापन गरेका छन् ।

# सार्वजनिक सवारी चलाउन व्यवसायी सहमत

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ साउन

यातायात व्यवसायीहरू ८ गतेदेखि सबै सार्वजनिक सवारी साधन चलाउन सहमत भएका छन् । पुनर्कर्जालगायत बैंकिङ विषयमा राष्ट्र बैंकले मौद्रिक नीति मार्फत सम्बोधन गरेको र चालक सहचालकको कोरोना बिमाको प्रिमियम सरकार र व्यवसायीले आधा आधा व्यहोर्ने सहमति जुटेपछि व्यवसायीहरू बस चलाउन राजी भएका हुन् ।

सोमबार यातायात व्यवस्था विभागका महानिर्देशक, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, तिनवटा ट्रेड युनियनहरू नेपाल यातायात स्वतन्त्र मजदुर सँगठन, अखिल नेपाल यातायात मजदुर संघ र नेपाल यातायात मजदुर संघ, महानगरीय ट्राफिक प्रहरी महाशाखाबीच छलफल भएको थियो ।

उक्त छलफलमा मुख्यगरी ४ वटा सहमति भएको हो।



यातायात श्रमिकहरूको समूहिक कोरोना बिमाको प्रिमियम सरकार र यातायात व्यवसायीले आधा आधा भुक्तानी गर्ने, यातायात श्रमिक कोरोनाका कारण मृत्यु भएमा आश्रित परिवारलाई क्षतिपूर्तिका लागि सरकारको तर्फबाट कोष स्थापना गर्न विभागले सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने, यातायात श्रमिकहरूका लागि आवश्यक सम्पूर्ण स्वास्थ्य सामग्रीहरू (मास्क, स्यानिटाइजर, पन्जा, पिपिई) सम्बन्धित व्यवसायीले उपलब्ध गराउने, लामो, छोटो र मध्यम दूरीका सबै सवारी साधनहरू सञ्चालन गर्न विभागको मार्फत सम्बन्धित मन्त्रालयमा सिफारिस गर्नेलगायतका विषयमा सहमति भएको हो ।

सोमबार भएको छलफलमा सरकार र व्यवसायी तथा मजदुर संगठनबीच सहमति जुटेपछि केही दिनभित्रै सार्वजनिक यात्रुबाहक बस चल्ने नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव सरोज सिटौलाले बताए । यस बारेमा महासंघले मंगलबार पत्रकार सम्मेलन गरेर सबै कुरा सार्वजनिक गर्ने उनले जानकारी दिए ।

यद्यपि उपत्यकामा साझा, मयूर, महसनगर, सुन्दरलगायत बसहरू चलिरहेका छन्। सरकारले असार २६ गतेदेखि उपत्यका र अन्य जिल्लाको हकमा जिल्लाभित्र सञ्चालन हुनेगरी यात्रुवाहक बस चल्न दिने निर्णय गरेको थियो। त्यसरी चल्ने बसले सिट क्षमताको आधामात्र यात्रु बोक्न पाउने, स्वास्थ्य सुरक्षाका उपायहरू अपनाउनुपर्ने व्यवस्था गरेको थियो ।

गुल्मीमा सडक दुर्घटना

# ४ वर्षमा ६४ जनाले गुमाए ज्यान

**सुमन महतारा/मध्यान्ह**
गुल्मी, ५ साउन




गुल्मीमा गएको चार वर्षमा सडक दुर्घटनामा परी ६४ जनाले ज्यान गुमाएका छन् । जिल्ला ट्राफिक कार्यालय गुल्मीले दिएको जानकारी अनुसार आर्थिक वर्ष २०७३/०७४ मा तीन महिला, सात जना पुरुष र एक बालबालिका गरी ११ जनाले ज्यान गुमाए । त्यस्तै आर्थिक वर्ष २०७४/०७५ मा पाँच महिला र १४ पुरुष गरी १९ जनाले ज्यान गुमाएका छन् । आर्थिक वर्ष २०७५/०७६ मा पनि १९ जनाले सडक दुर्घटनामा परि ज्यान गुमाएका थिए । जसमा चार महिला, चार बालबालिका र ११ जना पुरुष रहेका थिए ।

गत आर्थिक वर्ष २०७६/०७७ मा पनि १५ जनाले ज्यान गुमाए । तीन महिला ,१० पुरुष र २ बालबालिकाले ज्यान गुमाएको जिल्ला ट्राफिक कार्यालय गुल्मीले उल्लेख गरेको छ । आर्थिक वर्ष २०७६/०७७ मा गुल्मीमा साना ठुला गरि पाँच हजार ८७ सवारी साधन कारबाहीमा परेका छन् भने ३१ लाख ८९ हजार रुपैयाँ राजश्व संकलन भएको जिल्ला ट्राफिक कार्यालय गुल्मीका प्रमुख राजिव श्रेष्ठले बताए ।

**चार वर्षमा कति गम्भीर घाइते भए ?**

विगत चार वर्षको सडक दुर्घटनालाई हेर्दा गुल्मी जिल्लाले ठुलो मानवीय क्षती व्यहोर्नु परेको छ भने गम्भीर घाइते हुनेको संख्यासमेत भयानक छ । विगत चार वर्षमा १ सय २० जना गम्भीर घाइते भएको जिल्ला ट्राफिक कार्यालय गुल्मीले उल्लेख गरेको छ । आर्थिक वर्ष २०७३/०७४ मा पाँच महिला १५ पुरुष र छ बालबालिकाका गम्भीर घाईते भएका छन् । त्यस्तै आर्थिक वर्ष २०७४/०७५ मा छ महिला, १७ पुरुष र पाँच बालबालिकाका गम्भीर घाइते भएका छन् । आर्थिक वर्ष २०७५/०७६ मा दश महिला , १७ पुरुष र पाँच बालबालिका गम्भीर घाइते भएका छन् । साथै आर्थिक वर्ष २०७६/०७७ मा पनि गम्भीर घाइते हुनेको संख्या ठुलो रहेको छ ।

**कति सवारी कारबाहीमा परे ? कति राजस्व जुट्यो ?**

विगत चार वर्षमा गुल्मीमा साना ठुला गरि २१ हजार छ सय ७१ सवारी कारबाहीमा परेका छन् भने १ करोड ३१ लाख १२ हजार ५ सय राजस्व जुटेको छ। आर्थिक वर्ष २०७३/०७४ मा पाँच हजार दुई सय ९३ सवारी कारबाहीमा परेका छन भने ३२ लाख १ हजार राजस्व सङ्कलन भएको छ। त्यस्तै आर्थिक वर्ष २०७४/०७५ मा चार हजार आठ सय दुई वटा सवारी साधन कारबाहीमा पर्दा २८ लाख ९३ हजार पाँच सय राजस्व जुटेको छ। आर्थिक वर्ष २०७५/०७६ मा छ हजार तीन सय ८९ सवारी साधन कारबाहीमा परेका छन् भने ३८ लाख २९ हजार राजस्व जुटेको छ। त्यस्तै आर्थिक वर्ष २०७६/०७७ मा पाँच हजार ८७ सवारीसाधन कारबाहीमा परेका छन् भने ३१ लाख ८९ हजार राजस्व उठेको छ।

**नागरिकमा अझै चेतना भएन : ट्राफिक प्रमुख श्रेष्ठ**

जिल्ला ट्राफिक कार्यालय गुल्मीका कार्यालय प्रमुख प्रहरी नायव निरीक्षक राजिव श्रेष्ठले अझै नागरिकमा चेतनाको अभाव हुँदा सडक दुर्घटना रोक्न चुनौती थपिएको बताएका छन् । श्रेष्ठले भने 'ग्रामीण क्षेत्रमा मात्र नभइ शहरमा पनि नागरिक सचेत नबन्दा समस्या जटिल भएको छ ।' उनले थपे, 'वर्षेनी सडक दुर्घटनामा नागरिकले ज्यान गुमाएका छन् भने कयौं अङ्गभङ्ग भएका छन् । यो निकै दुखद् कुरा हो । तर धेरै सचेतनामुलक कार्यक्रम गर्दागर्दै पनि नागरिक, चालक तथा सह चालकले भनेको नमान्दा दुर्घटना बढिरहेको छ ।'

गुल्मीमा पनि सडक दुर्घटना न्यूनीकरणका लागि चालकसँग सडकमा एक मिनेट कुराकानी, चालक सह चालकलाई प्रशिक्षण तथा सचेतना कार्यक्रमसँगै व्यापाक प्रचार प्रसार गरिएको जिल्ला ट्राफिक कार्यालय गुल्मीले जनाएको छ ।

# कांग्रेसको कोरोना अनुगमन समितिसँग महासंघको छलफल



**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले कोरोना भाइरसका कारण दुईहजार भन्दा पत्रकारले रोजगारी गुमाउनुपरेको तथा सातसय भन्दा बढि सञ्चारमाध्यम बन्द भएको बताएका छन् । कोरोना भाइरसले नेपाली सञ्चार क्षेत्रमा पारेको असरबारे नेपाली कांग्रेसको कोरोना अनुगमन समितिसँगको छलफलमा अध्यक्ष आचार्यले सो कुरा बताएका हुन् । उनले कोरोना महामारीको कारण देखाउँदै नाफामा रहेका सञ्चारगृहले समेत पत्रकारलाई रोजगारबाट बञ्चित गर्ने श्रम शोषण गरेको भन्दै त्यसकाविरुद्ध महासंघले कडा आन्दोलन गर्ने चेतावनी दिए ।

नेपाली कांग्रेसका सहमहामन्त्री एवं कोरोना अनुगमन समितिका संयोजक तथा डा.प्रकाशशरण महतले पत्रकारलाई पेशाबाट बञ्चित गरिएकोप्रति नेपाली कांग्रेसको गम्भीर आपत्ति रहेको बताए । उनले पत्रकार जनताको पिर मर्का उजागर गर्न तथा सरकारको अनियमितता सार्वजनिक गर्ने कार्य सदैब लागिरहेको हुँदा पत्रकारको समस्या समग्र देशको समस्या रहेको बताए । उनले पत्रकारको पेशागत सुनिश्चितताका लागि सरकार तथा सम्बन्धित संचार गृहले गम्भीरतापूर्वक लिनपर्नेमा जोड दिए । साथै उनले पत्रकार महासंघको साथमा कांग्रेस सधैं रहेको र रहिरहने विश्वास दिलाउँदै अहिलेको अवस्थामा महासंघले गरिरहेको कामको प्रशंसा गरे ।

महासंघका पूर्व सभापति हरिहर विरहीले लोकतन्त्रमा जननिर्वाचित सरकारको नेतृत्वबाट नै पत्रकारलाई निरुत्साहित गर्ने काम भएको भन्दै दुःख व्यक्त गरे । उनले विस्थापित पत्रकार तथा सञ्चारगृहलाई संरक्षण गर्ने सरकारको कुनै चासो नदेखिएको बताए ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य एव कोरोना अनुगमन समितिका सदस्य डा. चन्द्र भण्डारीले कोरोना विपदको यस घडिमा पत्रकारलाई संरक्षण गर्नुपर्नेमा रोजगारीबाटै निश्काशन गर्नु अत्यन्तै अमानविय घटना भएको बताए । उनले संचार जगतले प्रतिपक्षको भन्दा ठुलो भूमिका निर्वाह गरेको भन्दै यस क्षेत्रमा संकट आउनुले प्रजातन्त्रमै खतरा भएको बताए । त्यसैगरी कांग्रेसका नेता एनपी साउदले अहिलेको परिस्थितिमा सबै बाँच्ने र सबैलाई बचाउने शैलीबाट काम गर्नुपर्नेमा जोड दिँदै कांग्रेस सधैं पत्रकारहरुको पक्षमा रहेको बताए । साउदले कोरोना प्रभावित क्षेत्र तथा समुदायसँग साथ र सहयोगका लागि उक्त समितिको स्थापाना गरिएको बताए ।

यस्तै अर्का सदस्य तथा नेपाली कांग्रेसका नेता योगेन्द्र चौधरीले यो अनुगमन समितिले कोरोनाबाट प्रभावित विभिन्न क्षेत्र तथा समुदायसंग छलफल गरिरहेको भन्दै पत्रकारको समस्याप्रति गम्भीर रहेको बताए । त्यस्तै अर्की सदस्य तथा डा.माधवी भट्टले सरकारले आफुमाथि विरोध बन्द गर्ने मनसायका कारण पत्रकारका समस्याप्रति सरकार मौन रहेको बताइन् ।

नेपाल पत्रकार महासंघका महासचिव रमेश विष्टले पत्रकारिता क्षेत्र बाहिरबाट हेर्दा आकर्षकको पेशा जस्तो देखिएको भएतापनि कोरोनाका कारण यो पोशामा गम्भीर संकट देखिएको बताउनुभयो । उनले केही संचारगृहले पत्रकारलाई पेशाबाट बञ्चित गरेको भन्दै पत्रकारको रोजिरोटिका लागि आन्दोलन गर्न बाध्य भएको बताए । उनले कोरोना भाइरस महामारीका अवस्थामा राज्यले पत्रकार तथा संचार क्षेत्रका संरक्षणका लागि कुनै पहल नगरेको भन्दै दुःख व्यक्त गरे ।

नेपाल प्रेस यूनियनका अध्यक्ष बद्रि सिग्देलले पत्रकारका कारण संचार संचालकहरु विगतमा ठुलो धन राशि जोड्न सफल भएको भन्दै कोरोनाको बाहानामा पत्रकारलाई पेशाबाट निश्काशन गर्नु अत्यन्तै दुखत रहेको बताए । उनले पत्रकारका समस्याप्रति सरकारले गम्भीर चासो दिई संचारमाध्यमलाई व्यवस्थित गर्ने उपयुक्त समय रहेको बताए ।

नेपाल पत्रकार महासंघ, उपत्यका समितिका महासचिव श्रीजन झाले कोरोना भाइरसको महामारीका कारण पत्रकारहरु चौतर्फी मारमा परेको बताउँदै सरकारले त्यसतर्फ ध्यान दिनुपर्ने बताए । फोटो पत्रकार क्लबका अध्यक्ष विकास कार्कीले कोरोनाको बाहानामा विभिन्न संचारगृहबाट दश जनाभन्दा बढी पत्रकारलाई जागिरबाट निश्काशन गरिएको बताए । पत्रकारको हितमा लड्दा आफुलाई समेत उपत्यका बाहिर सरुवा गरिएको बताए ।

# रुकुममा भिरबाट लडेर एक महिलाको मृत्यु

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, ५ साउन

रुकुम पश्चिमकी एक महिलाको भिरबाट लडेर मृत्यु भएको छ । जिल्लाको चौरजहारी नगरपालिका -११ नेप्टेडाँडा निवासी ४० वर्षीया शिसिला मल्लको घाँस काट्ने क्रममा भिरबाट लडेर मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

घरबाट साउन ४ गते बेलुका ४ बजेतिर घाँस काट्न गएकी उनी नगरपालिकाको पिउधिन भन्ने ठाउँबाट करिब दुई सय मिटर तल खसेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका सुचना अधिकारी प्रहरी निरीक्षक कबिराज रोकाले मध्यान्ह लाई जानकारी दिए ।

घरबाट घाँस काट्न निस्किएकी उनी भिरबाट लडेको अवस्थामा स्थानीय बासिन्दाहरुले देखेरा थिए । भीरबाट लडेर गम्भीर घाइते भएकी मल्ललाई उपचारका लागि खोलागाउँ तर्फको स्थानीय मेडिकलमा लैजा'दै गर्दा बेलुका ६ बजेतिर बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीलाई सेमबार बिहान मात्रै खबर प्राप्त भएपछि प्रहरी टोली घटना स्थलतर्फ पुगिसकेको र थप अनुसन्धान अगाडि बढाईएको जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले जनाएको छ ।

# नवलपरासीमा सवारी दुर्घटना, एक जना घाइते

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ५ साउन

नवलपरासीको प्रतापपुर गाऊपालिका वडा नं ५ बैदौलीमा सोमबार बिहान सवारी दुर्घटना हुँदा एक जना गम्भीर घाइते भएका छन् । झुलनीपुर त्रिबेणी सडकखण्ड अन्तर्गत झुनीपुरबाट प्रतापपुरतर्फ जादै गरेको लु १३ प ७८७२ नम्बरको मोटरसाईकलले बिपरित दिशाबाट आउँदै गरेको साईकल सवारलाई ठक्कर दिंदा प्रतापपुर गाउँपालिका वडा ७ बस्ने अन्दाजी ५२ वर्षीय राजकुमार कोइरी गम्भीर घाइते भएका हुन् ।

घाइते कोइरीलाई थप उपचारको लागि सहिद स्मृति सामुदायिक अस्पताल चौपत्ता पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरालीका सुचना अधिकारी राजु लामाले बताए । चालक र सवारी साधन प्रहरीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

# अवैध मालसामान नियन्त्रणमा



**नवलपरासी/मस-** नवलपरासीको विभिन्न ठाउँबाट १ लाख ५८ हजार ४ सय ८० रुपैयाँ बराबरको अवैध मालसामान प्रहरीले नियन्त्रणमा लिएको छ । आइतबार राति प्रतापपुर गाउँपालिका वडा नं. ३ मा भारतबाट नेपालतर्फ अबैधरुपमा ल्याउदै गर्दा १५ हजार बराबरको बोईलर कुखुरा ईलाका प्रहरी कार्यालय बेलाटारीले नियन्त्रणमा लिएको छ ।

यसैगरी सोमबार प्रतापपुर गाउँपालिका वडा नं. ४ भैरवपुरमा नेपालबाट भारततर्फ लग्दै गरेको करिब २४ हजार बराबरको ६ बोरा मटर (केराउ) प्रहरी चौकी बसहियाले नियन्त्रणमा लिएको हो ।

त्यस्तै रामग्राम नगरपालिका वडा नं.४ बैरिहवामा भारतबाट अबैधरुपमा ल्याउँदै गरेको ३४ हजार ८ सय बराबरको कपडा जिल्ला प्रहरी कार्यालयले नियन्त्रणमा लिएको हो। त्यसैगरी पाल्हिनन्दन गाउँपालिका वडा नं १ रमपुरवामा अबैधरुपमा ल्याउदै गरेको करिब ८४ हजार ६ सय ८० बराबरको बिभिन्न कपडा सिमा प्रहरी चौकी महेशपुरले नियन्त्रणमा हो ।

बरामद गरिएको कुखुरा पशु क्वारेन्टाईन महेशपुर र अन्य सामान आवश्यक कारवाहीको लागि महेशपुर भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालय नवलपरासीका सुचना अधिकारी राजु लामाले बताए ।

# कानून कार्यान्वयनमा नचुक्नुस् : प्रहरी महानिरीक्षक



**काठमाडौं/मस-** प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले कानूनको कार्यान्वयनमा नझुक्न र नचुक्न प्रहरी कर्मचारीलाई निर्देशन दिएका छन् । नेपाल पुलिस क्लबमा सोमबार आयोजित महानगरीय प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालयमा कार्यरत प्रहरी कर्मचारीलाई उच्च नैतिक आचरण र व्यवहार प्रदर्शन गरी आफ्नो पेशागत कर्तव्य पूरा गर्न प्रहरी महानिरीक्षक थापा क्षेत्रीले निर्देशन दिएका हुन् ।

प्रहरी कार्यालयमा आउने हरेक सेवाग्राहीसमक्ष प्रहरीले उच्च आचरण र व्यवहारसहित प्रस्तुत भएमा प्रहरीप्रति आम नागरिकको दृष्टिकोण सकारात्मक रुपमा परिवर्तन हुने उहाँले बताए। अपराध अनुसन्धान तथा नियन्त्रणलाई थप प्रभावकारी, मजबुद तथा परिणाममुखी बनाउनुपर्नेमा जोड दिँदै उनले प्रहरी सङ्गठनले समेत समयानुसार आफूलाई परिवर्तन गर्दै पुलिसिङका नयाँ तरिका र पेशासम्बन्धी अध्ययन गरी अगाडि बढ्नुपर्ने बताए ।

कोरोना भाइरसको संक्रमणको अवस्थामा प्रहरी कर्मचारीले निर्वाह गरेको भूमिकाको उनले प्रशंसा गर्दै लकडाउन खुलेपछि हुनसक्ने अपराधजन्य घटनाप्रति प्रहरी कर्मचारी थप चनाखो हुनुपर्ने आवश्यकतामा जोड दिए । सो अवसरमा महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलले प्रहरी महानिरीक्षकबाट प्राप्त निर्देशन सम्बोधन अक्षरस पालन गरिने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा प्रहरी नायब महानिरीक्षक, प्रहरी वरिष्ठ उपरीक्षकलगायतको सहभागिता थियो । 'लिडार स्पिड गन' हस्तान्तरण

यातायात व्यवस्था विभागले नेपाल प्रहरीलाई आठ थान 'लिडार स्पिड गन' प्रदान गरेको छ । प्रहरी प्रधान कार्यालयमा सोमबार आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीलाई विभागका महानिर्देशक गोगनबहादुर हमालले रु ८४ लाख मूल्यबराबरका उक्त गन हस्तान्तरण गरेका हुन् । सो अवसरमा प्रहरी महानिरीक्षक क्षेत्रीले सवारी साधनको तीव्र गतिबाट हुने दुर्घटना तथा जनधनको क्षति न्यूनीकरण गर्ने उद्देश्यले लिडार स्पिड गन प्रदान गरेकामा विभागलाई धन्यवाद दिए ।

विभागका महानिर्देशक हमालले यातायात क्षेत्रमा अनुशासन कायम गरी यातायात व्यवस्थापन गर्न प्रविधिको प्रयोग अनिवार्य भइसकेको चर्चा गर्दै यातायात व्यवस्थापनलाई प्रविधिमय बनाउन विभाग लागीपरेको बताए। समग्र यातायात प्रणालीलाई व्यवस्थापन गर्न इम्बोस्ड नम्बर जडान, सार्वजनिक सवारी साधनमा जीपीएस प्रणाली जडान, स्मार्ट लाइसेन्स वितरणलगायतका कार्य गरिरहेको जानकारी दिए ।

# सभामुखसँग सभापतिको गुनासो

**काठमाडौं/मस-** सभामुख अग्निप्रसाद सापकोटाले सङ्घीय ससंदका विषय समितिका बैठकमा छलफलका लागि बनाइने कार्यसूचिमा देखिँदै आएको दोहोरोपन हटाउन निर्देशन दिएका छन् । प्रतिनिधिसभा र राष्ट्रियसभा मातहतका विषयगत समितिका सभापतिसँग सोमबार भएको छलफलमा उनले विषयगत समितिका नेतृत्वलाई आफनो कार्यक्षत्रभित्र रही आपसी समन्वय र परामर्शका आधार बैठक सञ्चालन गर्न सुझाव दिए ।

सभापतिहरुले सो अवसरमा समितिले दिएका निर्देशन सरकारले पालना नगरेको तथा समितिबीच समन्वय नहुँदा एउटै विषय दोहोरोपन देखिने गरी निर्णय हुने गरेको धारणा राखेका थिए। समसामयिक विषयमा उठ्ने विषयबस्तुलाई कतिपय समितिले आफनो कार्यक्षेत्र भन्दा बाहिर गएर लोकप्रियता हासिल गर्न दिने गरेका निर्देशनले समन्वयको अभाव र दोहोरोपन देखिदै आएको थियो ।

छलफलमा समितिले गर्दै आएका काम कारवाही, भोग्न परेका समस्या र समाधानका लागि गरिएका प्रयासका सम्वन्धमा सभापतिहरुले विस्तृतरुपमा जानकारी गराए । कोभिड-१९ का कारण भौतिक दूरी कायम गरी बैठक सञ्चालन गर्न भौतिक संरचना अर्थात बैठक कक्षकै अभाव रहेको जानकारी गराइएको थियो ।

कोरोना संक्रमण जोखिमले बैठक बस्न प्रतिकूल अवस्था रहेको तथा प्रविधिको प्रयोग र जनशक्ति अभावको पक्ष पनि सभापतिले नेतृत्वलाई जानकारी गराए । प्रतिनिधिसभा मातहत १० र राष्ट्रियसभा मातहत चार वटा विषयगत समिति छन् । संयुक्त समितिमा संसदीय सुनुवाई र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समिति छन् ।

# बाढी प्रभावित परिवारलाई रेडक्रसको सहयोग

**काठमाडौं/मस-** मनसुनी वर्षाका कारण बाढी पहिरोले जनधनको क्षति भइरहेको र कोभिडले समेत आक्रान्त पारिरहेको अवस्थामा रेडक्रस सञ्जालले देशभरी प्रतिकार्य तीब्र बनाएको छ । सिन्धुपाल्चोक, म्याग्दी, गुल्मी, जाजरकोटलगायत १८ वटा पहिरो अति प्रभावित जिल्लाहरुका दुई सय २५ परिवारलाई नेपाल रेडक्रसले राहत सामग्रीको पूर्णसेट उपलब्ध गराएको छ। वितरित सामग्री सेटमा तार्पोलिन -१, कम्बल-२, महिलाको सारी- १, सिलाउने कपडा-१४.५ मीटर, भाँडाकुडा सेट-१, बाल्टी-१ र नाइनलको डोरी १० मिटर लगायतका सामग्री छन् । त्यसरी वितरित सामग्री सेटको प्रतिसेटको मूल्य रु. १० हजार रहेको छ ।

'अहिलेसम्म २५ लाख मूल्य वढीको सामग्री प्रत्यक्ष प्रभावित परिवारलाई उपलव्ध गराइएको छ र ५ हजार परिवारसम्मलाई सहयोग गर्ने तयारीमा छौं ।' नेपाल रेडक्रसका विपद् व्यवस्थापनका निर्देशक मोना अर्यालले भने । उनले अगाडि भने, 'नेपाल सरकारसमेतको समन्वयमा बनाइएको मनसून पूर्वतयारी योजना मुताविक हामीले उद्धार, राहत सेवा पुऱ्याइरहेका छौं ।'

यसका अतिरिक्त तत्कालको आवश्यकता अनुसार ५८२ वटा तार्पोलिन, ३९२ वटा कम्मल, १५ सेट भाँडाकुडा र २ वटा टेन्ट प्रभावितलाई उपलव्ध गराइएको छ । बाढी पहिरोले आजसम्म कम्तिमा दुई हजार चार सय ३८ परिवार विस्थापित भएको र ३ हजार ३ सय ५७ परिवारलाई गम्भीर असर परेको रेडक्रसको प्रारम्भिक अनुमान छ । त्यस्तै प्रारम्भिक प्रतिवेदन अनुसार चारसय १५ घर पूर्ण क्षति भएका र पाँच सय ६५ घरमा आंशिक क्षति पुगेको नेरेसोका सञ्चार विभाग निर्देशक दिव्यराज पौडेलले जानकारी दिए । बाढी प्रतिकार्यको लागि ३४ वटा टोली देशभरी परिचालित भएका छन् ।

यसैबीच आइतबार सिन्धुपाल्चोकको मेलम्चीमा पहिरोले विस्थापित भएका २० परिवारलाई तत्कालै राहत सामग्री उपलव्ध गराइएको छ ।

# भलिबल खेलाडी मालीलाई नगद सहयोग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ साउन



नेपाली राष्ट्रिय महिला भलिबल टिमकी सदस्य प्रतिभा मालीलाई राष्ट्रिय खेलाडी कल्याणकारी कोषमार्फत आर्थिक सहयोग गरिएको छ। राष्ट्रिय खेलकुद परिषद् (राखेप) अन्तर्गत रहेको कोषले ब्याज रकमबाट खेलाडीलाई सहयोग गर्दै आएको छ।

कोषले गतवर्ष चोट लागेपछि शल्यक्रिया गराएर हाल फिजियोथेरापी गराइरहेकी प्रतिभालाई २ लाख रुपैयाँ सहयोग गरेको हो । राष्ट्रिय तथा अन्तर ाष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठले प्रतिभाले फिजियो गराउने ग्वार्कोस्थित अर्थोप्लास्ट रिह्याबलिटेसन सेन्टर पुगेर चेक हस्तान्तरण गरेका थिए । होंगान्जी न्यु डायमण्डकी स्पाइकर प्रतिभाले नेपाललाई एभीसी सेन्ट्रल जोनको उपाधि र १३ औं सागमा रजत पदक जिताउन महत्वपूर्ण भूमिका निर्वाह गरेकी थिइन् ।

गत माघमा एनभिए कप क्लब च्याम्पियनसिपमा एपिएफविरुद्ध फाइनल खेल्ने क्रममा प्रतिभाको बायाँ घुँडामा चोट लागेको थियो । त्रिपुरेश्वरस्थित ब्लुक्रसमा उनको घुँडाको शल्यक्रिया गरिएको थियो । त्यसको केहि समयपछिबाट उनले अर्थोप्लास्टमा फिजियो गराउँदै आएकी छिन् ।

रकम हस्तान्तरमा खेलाडी संघका निर्वतमान अध्यक्ष दीपक विष्ट, संघका महासचिव शिवसुन्दर गोथे, १३ औं दक्षिण एसियाली खेलकुदकी दाहोरो स्वर्ण पदक विजेता आयशा शाक्यको उपस्थिति थियो । प्रतिभाको उपचारका लागि राखेपले यसअघि नै ५ लाख रुपैयाँ भन्दा बढी उपलब्ध गराएको थियो ।

त्यस्तै भलिबल संघका पदाधिकारीले पनि व्यक्तिगत रुपमा सहयोग गरेका थिए । उपचार खर्च नपुगेका कारण प्रतिभाले कल्याणकारी कोषमा दिएको निवेदनका आधारमा सहयोग गरिएको कोषका सदस्य सचिव समेत रहेको खेलाडी संघका अध्यक्ष श्रेष्ठले बताए । खेलकुद विकास ऐन लागु हुनुअघि नै कोषको बैठकले प्रतिभालाई सहयोग गर्ने निर्णय गरे अनुरुप रकम हस्तान्तरण गरिएको श्रेष्ठले जानकारी दिए ।

कोषको अध्यक्ष राखेप सदस्य सचिव रहने व्यवस्था छ । कोषबाट यसअघि पनि खेलाडीहरुलाई विभिन्न शीर्षकमा सहयोग हुँदै आएको छ । २०७२ सालको वैशाख १२ र २९ गते गएको विनाशकारी भूकम्पमा प्रभावित हुने खेलाडी र खेलाडीका परिवारलाई पनि कोषमार्फत सहयोग भएको थियो ।

# ब्यालोन डी ओर यसवर्ष नहुने



**काठमाडौं, एजेन्सी–** विश्व फुटबलको प्रतिष्ठित व्यक्तिगत उपाधि ब्यालोन डी'ओर यस वर्ष नहुने भएको छ । उपाधि दिने फ्रान्स फुटबलले एक विज्ञप्ति जारि गर्दै यस वर्ष उपाधि रद्द गरिने जनाएको छ ।

पछिल्लो दशक क्रिस्टियानो रोनाल्डो र लिओनेल मेस्सीले वर्चस्व जमाउँदै आएको यस उपाधि सन् १९५६ यता पहिलो पटक रद्द भएको हो । आयोजकले उपाधि विजेता घोषणा गर्न आवश्यक रहेको आधारहरु न्यायोचित रुपमा पर्याप्त नरहेको बताउँदै रद्द गर्ने निर्णय लिएको जनाएको छ। कोरोना संक्रमणका कारण केहि लिग रद्द हुँदा केहि लिग छोटो समयमा धेरै खेल गरेर समापन गरिएको छ ।

यस वर्ष उपाधि विजेता घोषणा नहुने भएपछि गतवर्षको विजेताले नै एक वर्षसम्म उक्त उपाधि राख्न पाउनेछन् । गतवर्ष बार्सिलोनाका कप्तान मेस्सी उत्कृष्ट पुरुष खेलाडी घोषित भएका थिए । अमेरिकाकी मेगन रापिनो उत्कृष्ट महिला खेलाडी बनेकी थिइन् । नेदरल्यान्ड तथा युभेन्टसका म्यथिस डे लिग्ट उत्कृष्ट युवा खेलाडी र लिभरपुल तथा ब्राजिलका एलिसन बेकर उत्कृष्ट गोलरक्षक भएका थिए ।

यस वर्ष पनि विगतझैं मेस्सी र रोनाल्डो उपाधिको लागि दावेदारमा थिए । यी दुईसँगै बायर्न म्युनिखका रोबर्ट लेवान्डोस्की र म्यानचेस्टर सिटीका केभिन डे ब्रुएनलाई प्रतिस्पर्धीका रुपमा हेरिएको थियो । यस वर्ष उपाधि विजेता घोषणा नहुने भएसँगै मेस्सी र रोनाल्डोबीच उपाधि संख्याको प्रतिस्पर्धामा रोनाल्डो ५ उपाधिसहित मेस्सीको छैटौं उपाधिलाई पछ्याइरहेका हुनेछन् । ब्यालोन डी'ओर आयोजकले यस उपाधि उत्कृष्टता मात्र नभएर एक उदाहरण, एकता र जिम्मेवारी वहन गर्ने व्यक्तित्वको प्रतिनिधित्व गर्ने बताएको छ । त्यसैले पनि बिकराल परिस्थितिमा उपाधि घोषणा गर्नु उचित नरहने फ्रान्स फुटबलले जनाएको छ ।

# काँग्रेस खेलकुद विभाका सदस्यलाई प्रमाणपत्र वितरण



**काठमाडौं, मस**-नेपाली कांग्रेसले केन्द्रीय खेलकूद विभाग मनोनित पदाधिकारी एवं सदस्यहरुलाई प्रमाणपत्र वितरण गरेको छ ।

सोमबार पार्टी कार्यालय सानेपामा खेलकूद विभाग प्रमुख मोहनबहादुर बस्नेतले मनोनित पदाधिकारी एवं सदस्यहरुलाई प्रमाणपत्र वितरण गरेका हुन् ।

कांग्रेसले एकसाता अघि बिभागमा २ पदाधिकारी र २५ सदस्यको नामवली मनोनयन गरेको थियो । कार्यक्रममा खेलकुद बिभाग प्रमुख बस्नेतले खेल क्षेत्रको बिकासका लागि लाग्न निर्देशन दिए । राज्यलाई चिनाउने क्षेत्र खेलकुद र खेल क्षेत्र नै भएको भन्दै उहाले यस क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताए ।

नेपालमा सरकारको सहयोग नपुग्दा पनि खेलाडीहरुले देखाएको खेल निकै उत्कृष्ट भएको उनको भनाइ छ। कांग्रेसले विभागको उप-प्रमुखमा काठमाडौंका मोहनकुमार राई र सचिवमा ललितपुरका मीनकृष्ण महर्जनलाई मनोनयन गरेको थियो। विभागले बानेश्वरमा आफ्नो कार्यालय समेत स्थापना गरिसकेको छ ।

# 'इरानमा तालिबानको कार्यालय छैन'



**तेहरान, सिन्हुवा-** इरानले अफगानिस्तानमा सशस्त्र विद्रोह गरिरहेको तालिबान संगठनको कार्यालय इरानमा नरहेको स्पष्ट गरेको छ ।

इरानको विदेश मन्त्रालयले सो कुराको जानकारी गराएको हो । इरानी उपविदेशमन्त्री अब्बास अरागाचीले सो कुराको जानकारी दिएका हुन्। उनले भने- तालिबानले इरानको उत्तरपूर्वी नगर मसादमा एक परिषद्को स्थापना गरेको हुन सक्छन् तर पनि त्यो परिषद् इरान सरकारसँग कुनै पनि हिसाबले सम्बन्धित छैन।

उनले यहाँको एक टेलिभिजनमार्फत सो कुराको जानकारी गराएका थिए । उनले भने - यदी त्यो कार्यालय स्थापना गरेको भए पनि त्यो इरान सरकारसँग सम्बन्धित छैन ।उनले गएका केही वर्षदेखि इरान तालिबानको सम्पर्कमा भने रहेको बताए ।

उनले भने- हो, हामी उनीहरुको सम्पर्क मै छौं, उनीहरुका कुरा सुन्छौं र हाम्रो प्रतिक्रिया पनि दिने गरेको छौं । अमेरिकाले तालिबानसँग सम्पर्क र वार्ताको प्रक्रिया अघि बढाएको छ, तर हामीले भने अहिले तलिबानसँग सम्पर्क पनि गरेका छैनौं- उनले सो टेलिभिजनसँगको अन्तर्वार्ताका क्रममा भनेका थिए ।

# युरोपेली युनियनको शिखर बैठक सोमबार पुनःबस्ने



**ब्रसेल्स, एएफपी-** कोरोनाभाइरसका कारण सङ्कटमा परेका युरोपेली मुलुकको आर्थिक उत्थानका लागि अघि सारिएको आठ खर्ब ६० अर्ब डलरको एउटा राहत योजनामा सहमति जुटाउन युरोपेली युनियनका नेता पुनः सोमबार वार्तामा बस्न लागेका छन्। यस शिखर बैठकमा युरोपेली युनियनमा आबद्ध २७ मुलुकका सरकार प्रमुखहरु सहभागी हुनुहुन्छ । कोरोनाभाइरसबाट अत्यन्त प्रभावित देशमा स्पेन, इटालीसमेतका बहुसंख्यक युरोपेली देश पनि रहेका छन् । युरोपमा मात्र कोरोनाभाइरसका कारण दुई लाखभन्दा बढीको मृत्यु भएको थियो । शिखर बैठकमा नेताबीच प्रस्तावित योजना र रकमको बाँडफाँडका विषयमा मतैक्य हुन सकेको छैन । युरोपेली युनियनले तयार पारेको प्रस्तावमा अनुदान र ऋणको भारका विषयमा युरोपेली नेताबीच फरक फरक धारणा छ ।

नेताबीच मतैक्य हुन नसकेपछि निराश हुनु भएका युरोपेली परिषद्का अध्यक्ष चाल्र्स मिचेलले सहभागी नेतालाई युरोपेली जनताप्रति जिम्मेवार हुन र युरोपेली एकता निर्माणलाई सक्षम तुल्याउन आग्रह गरेका छन् । उनले संकटलाई मानवीय मूल्यसँग नदाँज्न आग्रह गर्नुभएको छ । नेदरल्याण्ड्ससमेतका केही युरोपेली मुलुकका नेताले करिब सात खर्ब ५० अर्ब युरो स्पेन र इटालीजस्ता सुशासनमा कमजोर देखिएका मुलुकलाई सित्तैमा बाँड्न नहुने बताइरहेका छन् ।

नेदरल्याण्ड्ससमेतका केही मुलुकको अवरोधका कारण प्रस्तावित योजना पारित हुने आशा अत्यन्त झिनो भएको जर्मनीका चान्सलर एन्जेला मर्केलले यसअघि नै बताइसक्नु भएको छ । तैपनि शीर्ष बैठक जारी राख्न सबै मुलुक सहमत भएका छन् ।

युरोपेली महादेशका धेरैजसो देशले कोरोनाभाइरसको महामारीलाई नियन्त्रणमा ल्याइसकेका छन् र जनजीवन अझ सहज तुल्याउन विभिन्न योजना अघि सारिएका छन्।

फ्रान्सले सिनेमा हलजस्ता भित्री सार्वजनिकस्थलमा अनुहारमा मास्क लगाउन अनिवार्य गरेको छ भने कोरोनाभाइरसका केही बिरामी देखिएपछि स्पेनमा लाखौं मानिसलाई घरभित्रै बस्न भनिएको छ । जर्मनीको बाभारिया राज्यले भने आफ्ना विमानस्थलमा निःशुल्क भाइरस परीक्षणको व्यवस्था मिलाएको जनाएको छ । लन्डनमा मास्क विरोधी प्रदर्शनले सरकारी निकायमाथि थप दबाब सिर्जना गरेको छ। इङ्ल्यान्डका पसल एवम् सुपरमार्केटमा दर्जनौं प्रदर्शनकारीले मास्क लगाउन बाध्य बनाइएको भन्दै आइतबार त्यसको विरोध गरेका छन् ।

# चेल्सी र आर्सनल एफए कपको उपाधिका लागि भिड्ने



**काठमाडौं, एजेन्सी-** लन्डन क्लब चेल्सी इंग्ल्यान्डको सबैभन्दा पुरानो र प्रतिष्ठित एफए कपको फाइनलमा प्रवेश गरेको छ। आइतबार राति भएको खेलमा प्रिमियर लिग प्रतिद्वन्द्वी म्यानचेस्टर युनाइटेडको चुनौली ३-१ ले पन्छाउदै चेल्सीले फाइनलमा स्थान बनाएको हो ।

यससँगै युनाइटेडको अपराजित यात्रामा पुर्णविराम लागेको छ । जनवरीमा बर्नलीसँग २-० ले पराजित भएयता युनाइटेड १९ खेलसम्म अपराजित रहेको थियो ।अब चेल्सीले उपाधिका लागि २ अगस्टमा अर्को लन्डन क्लब आर्सनलको सामना गर्नेछ । आर्सनलले शनिबार राति म्यानचेस्टर सिटीलाई २-० ले पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो ।

वेम्वली स्टेडियममा चेल्सीको जितमा ओलिभर जिरुउड र मासन माउन्टले गोल गर्दा एक गोल उपहार पाएको थियो । युनाइटेडका लासग ब्रुनो फर्नान्डेजले पेनाल्टीमार्फत सान्तवना गोल फर्काए । निकै नै प्रतिस्पर्धात्मक बनेको खेलको पहिलो हाफको अन्त्यतिर ओलिभर जिरुउडले गोल गर्दै चेल्सीलाई अग्रता दिलाएका थिए । कप्तान सिजर एज्पिलेक्वेटाको उत्कृष्ट पासमा जिरुउडले सिक्स यार्ड बक्सभित्रबाट गोल गर्न सफल हुदा युनाइटेडका गोलरक्षक डेभिड हे गेयाले रोक्ने कुनै मौका नै पाएन ।

दोस्रो हाफको शुरुमै गोलरक्षक हे गेयाकै गल्तीमा मासन माउन्टले गोल गर्दै चेल्सीको अग्रता दोब्बर पारे । विलियनको फितलो पासलाई फ्रेडबाट खोस्दै अघि बढाएको बललाई गोलरक्षक हे गेयाले राम्रोसँग जज गर्न नसकेको बललाई माउन्टले जाली चुमाएका थिए । ७४औं मिनेटमा ह्यारी मिगुएरले आत्मघाती गोल गरेपछि चेल्सीको जित सुनिश्चित बनेको थियो ।

मार्कोस अलन्सको क्रसलाई एन्टेनियो रुडिगरले गोल गर्ने प्रयास गरेपनि ह्यारी मिगुएरले क्लियर गर्न खोज्दा आफ्नै पोस्टमा गोल गर्दै चेल्सीले खेलमा ३-० को आरामदायी अग्रता बनाउन सफल भयो । ८५औं मिनेटमा युनाइटेडले पेनाल्टीमार्फत गोल गर्दै खेललाई ३-१ को अवस्थामा ल्याउदै खेलमा फर्कने आशा देखाए । कलुम हड्सन ओडोइले युनाइटेडका एन्थोनी मार्सियाललाई लडाएपछि प्राप्त पेनाल्टीमा ब्रुनो चुकेनन् । त्यसपछि थप गोल निस्कन नसक्दा चेल्सी ३-१ ले विजयी हुन सफल भयो ।

# अफगानिस्तानमा १२ सुरक्षाकर्मीसहित २४ भन्दा बढीको मृत्यु



**कुन्दुज, सिन्हुवा-** अफगानिस्तानको उत्तरी कुन्दुज प्रान्तमा भएको कारबाहीमा परी दुई दर्जनभन्दा बढीको मृत्यु भएको छ। त्यसमा परी तालिबानका लडाकूका साथै १२ जना सुरक्षाकर्मी पनि मारिएको समाचारमा जनाइएको छ ।

सोमबार सो कारबाही भएको यहाँका उपप्रान्तीय प्रवक्ताले जानकारी दिएका छन् । उनकाअनुसार सो प्रान्तको क्वाजाक क्षेत्रमा रहेको एक सुरक्षा चौकीमा ठूलो संख्याका तालिबानीले सोमबार बिहान आक्रमण गरेका थिए ।

उक्त आक्रमणपछि भएको दुवै पक्षको दोहोरो गोली हानाहानमा परी १२ जना सुरक्षाकर्मी मारिएका र अरु १० जना नराम्ररी घाइते पनि भएका छन् । त्यसैगरी सो कारबाहीका क्रममा एक दर्जनभन्दा बढी तालिबान लडाकू मारिएका हुन् । सोही प्रान्तमा तीन दिनअघि मात्र अफगान सेनाले गरेको कारबाहीका क्रममा कम्तीमा २५ जनाको मृत्यु भएको बताइएको थियो । सबै तालिबान लडाकू रहेको मृत्यु भएको सरकारी अधिकारीले जनाएका छन् । टोलो न्युजले सम्प्रेषण गरेको समाचारमा पनि उत्तरी कुन्दुज प्रान्तको क्वाजमा तालिबानले सुरक्षा चौकीमा आक्रमण गरेपछि अफगान सेना र प्रहरीको संयुक्त समूहले त्यसको प्रतिकार गर्दा मृत्यु भएको दावी गरेको थियो ।

समाचारमा एक दर्जनभन्दा बढी तालिबान मारिएको जनाएपनि यसको यथार्थ तथ्यांक भने दिइएको छैन ।

# भारतमा ४० हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित



**नयाँ दिल्ली, एएनआई–** भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको संख्या बढ्दै जानेक्रममा एकै दिनमा ४० हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमति थपिएका छन्। सरकारी अधिकारीले सोमबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ४० हजार ४२५ जना कोरोना भाइरस सङ्क्रमित थपिएका छन् । यो संख्या दैनिक सङ्क्रमित भएकाको संख्यामध्ये सवैभन्दा धेरै पनि हो ।

केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले एकैदिनमा ६८१ जनाको कोरोनाका कारण मृत्यु भएको पनि जनाएको छ । त्यसैसँगै भारतमा कोरोनाकै कारण मृत्यु भएकाको संख्या अहिलेसम्म २७ हजार ४९७ पुगेको अधिकारीले जानकारी दिएका छन् ।

योसँगै भारतमा अहिलेसम्म कोरोनाभाइरसबाट सङ्क्रमित भएकाहरुको संख्या ११ लाख १८ हजार ४३ पुगेको अधिकारीहरुले जनाएका छन् ।

भारतमा अहिले पनि तीन लाख ९० हजार ४५९ जना सङ्क्रमित अवस्थामै रहेका छन् भने सात लाख ८७ जना सङ्क्रमणमुक्त भएका छन् । कोरोनाबाट भारतमा सवैभन्दा धेरै प्रभावित भएको महाराष्ट्र प्रदेशमा तीन लाख १० हजार ४५५ जना सङ्क्रमित भएका छन् । त्यसपछि तमिलनाडु र दिल्ली प्रदेशमा कोरोना भाइरस सङ्क्रमणको दोस्रो र तेस्रो स्थानमा रहेको छ ।

# डच हेलिकप्टर दुर्घटना, दुई व्यक्तिको मृत्यु

**दी हेग, एएफपी-** नेदरल्याण्ड्सको रक्षा मन्त्रालयले क्यारेबियनको आरुबाबाट उडेको एउटा सैनिक हेलिकप्टर समुद्रमा खसेको जनाएको छ ।

उड्नासाथ भएको उक्त दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । मन्त्रालयले उक्त हेलिकप्टर आरुबाबाट आइतबार अपराह्न छिमेकी द्वीप कुराकाओका लागि उडेको जनाएको छ । आरुबा नेदरल्याण्ड्सको स्वामित्वमा रहेको क्यारेबियन द्वीप हो ।

डच सेनाका प्रमुख रब बाउरले हेलिकप्टरमा सवार चार जनामध्ये दुई जनाको मृत्यु भएको र दुई जना सकुशल रहेको जानकारी दिनुभयो।

हेलिकप्टर दुर्घटनाको कारण भने अझै खुलेको छैन । डच सैनिकले हेलिकप्टरको ब्लाक बक्स खोजी कार्य शुरु गरेका छन् । सेना प्रमुख बाउरले दुर्घटनाका सम्बन्धमा छानबिन शुरु भइसकेको जानकारी दिए ।


**इगल हन्टर इन्टरनेशनल प्लेसमेण्ट प्रा.लि.को नाम परिवर्तन सम्बन्धी सूचना**

यस कम्पनीको मिति २०७६।१।१५ गते सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनीको साविक नाम इगल हन्टर इन्टरनेशनल प्लेसमेण्ट प्रा.लि. बाट परिवर्तन गरी वृंदित सर्भिसेज प्रा.लि. कायम गर्ने निर्णय भए बमोजिम सम्पूर्ण चल, अचल सम्पती तथा तिर्न व्यहोर्न पर्ने कर दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६।२।१५ को निर्णयानुसार नाम परिवर्तन भई आएकोले सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०७७०४।०२ गते रातिको समयमा जि. भक्तपुर म.ठि.न.पा.-८, बोडे पेट्रोल पम्प छेउमा रहेको सनम अवालको घर अगाडी पार्किङ गरि राखेको ठाउबाट प्रदेश ३-०२-००७ प ९२०५ नं. को निलो/कालो रङ्गको पल्सर, २२० सि.सि.को मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु।


सवारी धनी : शान्ति बुढाथोकी
ठेगाना : खाँडादेवी गा.पा.-२, रामेछाप
च्यासिस नं: MD2A13EY3KCA-80233
इन्जीन नं : DKYCKA89363
सम्पर्क : ९८४८७४९१६३

**कागजपत्र हराएको सूचना**

मिति २०७७०३।२२ गते नयाँ बानेश्वर-१०, थापागाउँमा कोठा फोरी तल अल्लेखित कागजपत्र चोरी भएको हुदाँ उक्त कागजपत्र कोहि कसैले काही कतै पाउनु हुने वा देख्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु।

**हराएको कागजपत्र**
१ एशियन लाइफ इन्स्योरेन्स कागज सिर्जना श्रेष्ठ, पो.नं. ५३१०००८७९
२ नेपाल लाइफ इन्स्योरेन्स कागज केभिन तामाङ पो.नं. १०१११६३
३ सिर्जना श्रेष्ठको नाममा रहेको SLC, IED, B.ED, CMA सर्टिफिकेट
४ बाबुबाजी तामाङको नाममा रहेको कागजपत्र SLC सर्टिफिकेट साथै जग्गाको लालपुर्जा
सम्पर्क : ९८४१००३५८३, ९८६१८०००६३

# 'अनुगमन नहुँदा शिक्षा क्षेत्रमा बेरूजु बढ्यो'



**काठमाडौं/मस-** शिक्षाका कार्यक्रमहरुका अनुगमन नहुँदा बेरुजु बढेको सरोकारवालाहरुले बताएका छन्। शिक्षा पत्रकार समुहले सोमबार गरेको शिक्षाबार भर्चुअल संवाद 'शिक्षा क्षेत्रको बेरुजू : तथ्य र न्यूनीकरणका उपाय'मा बोल्दै उनीहरुले शिक्षाका कार्यक्रमहरुको अनुगमन र निरीक्षण नहुँदा नियम अनुसारको रकम भुक्तानीसमेत हुन नसकेको बताए।

शिक्षा क्षेत्रमा बेरुजू बढ्नुमा आर्थिक वर्षको अन्त्यमा निकासा दिनु र स्थानीय तह तथा विद्यालयमा राम्ररी हिसाब राख्ने जिम्मेवार व्यक्ति नहुनुलाई मुख्य कारक औंल्याइएको छ। महालेखा परीक्षकको कार्यालयले यसै साता सार्वजनिक गरेको प्रतिवेदनमा आर्थिक वर्ष २०७६/०७७ मा बेरुजू हुने मुख्य क्षेत्रमध्ये शिक्षालाई सातौं स्थानमा छ। प्रतिवेदनमा शिक्षामा सरकारी कार्यालयतर्फ २ अर्ब ९५ करोड ३० लाख ७३ हजार र संगठित संस्थातर्फ १० अर्व २० करोड ६० लाख २१ हजार बेजुरु देखाइएको छ। भर्चुअल सम्बादमा शिक्षाविद् प्रमोद भट्टले विद्यालयहरुमा बेरुजु बढी हुने हुँदा महालेखाले विद्यालयस्तरमा नै गएर परीक्षण गर्नुपर्ने धारणा राखे। समयमा नै बजेट विनियोजन हुन नसक्नु र जहाँ बढी बरुजु देखिएको छ, त्यहा गएर नै खवरदारी गर्न नसक्दा पनि बेरुजु बढेको उनले बताए।

यस्तै, शिक्षा मानव स्रोत साधन विकास केन्द्रका पूर्वमहानिर्देशक बाबुराम पौडेलले ८० प्रतिशत बेरुजु भौतिक निर्माणमा हुने गरेको बताए। बेरुजू शून्यमा नझर्ने भन्दै पौडेलले न्यूनिकरण गर्न भने सकिने बताए। ८० प्रतिशत बेरुजु भौतिक पूर्वाधारमा देखिनुले नीतिगत कमजोरी औंल्याएको उनको धारणा छ। पहिला जिल्ला शिक्षा कार्यालयमार्फत् बेरुजू फछ्र्यौटमा काम हुने गरेको तर शिक्षा विकास तथा समन्वय इकाई स्थापना भएपछि भने लेखाको छुट्टै दरबन्दी नभएकाले पनि यसमा समस्या परिरहेको पौडेलले औंल्याए। 'त्यही इकाई पनि कहिले गृह मन्त्रालयअन्तर्गत त कहिले शिक्षाअन्तर्गत पारियो,' पौडेलले भने, 'सरुवा गर्नचाहिँ सबैले हात हाल्ने तर बेरुजू घटाउने कुरा हुँदा तर्कने अवस्था बन्यो।'

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका लेखा प्रमुख ईश्वर काफ्लेले आगामी दिनमा बेरुजु घटाउदै लैजान मन्त्रालय पर्यत्नशिल रहेको बताए। मन्त्रालयमार्फत भौतिक पूर्वाधार निर्माण लगायत काम गर्ने बजेट नराखिएका कारण अबका दिनमा बेरुजु नहुने तर नीतिगत बेरुजुको चुनौती भने रहिरहने उनले बताए।

कंकाली माध्यामिक विद्यालयका प्रध्यानाध्यापक विष्णु पनेरुले स्थानीय तहले विद्यालयमा निकै ढिलो रकम दिने हुदा रकम समयमा खर्च हुन नसकेको गुनासो गरे। माध्यामिक विद्यालयमा लेखापालसमेत नभएको र निकास भएको रकम कहाँवाट कसरी आयो त्यसको सूचना समेत नपाईने भएकाले समस्या रहेको उनले बताए। साउनदेखि नयाँ आर्थिक बर्ष सुरु भए पनि भदौदेखि मात्र रकम निकासा हुने प्रणालीको अन्त्य नभएसम्म बेरुजुको समस्या रहिरहने भएकाले मन्त्रालयले त्यसमा ध्यान दिनुपर्ने उनको सुझाब थियो।

भर्चुअल सम्बादमा माध्यामिक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था भएता पनि परीक्षा बोर्डले शुल्क लिएको, छात्रवृत्तिको रकम खर्च नभएको, दातृ निकायवाट आउने रकम शीर्षक विना नै खर्च हुनेजस्ता विषयमा छलफल भएको थियो।

शिक्षा पत्रकार समूहले हरेक सोमवारलाई शिक्षाबारका रुपमा समसामयिक शैक्षिक मुद्दामा भर्चुअल संवाद गर्दै आएको छ।

# मौद्रिक नीतिबाट मोरङका उद्योगी, व्यवसायी खुसी




**विराटनगर/मस-**नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको मौद्रिक नीतिले उद्योग व्यवसायले उठाउँदै आएका मुख्य विषय सम्बोधन गरेकाले यस क्षेत्रलाई केही राहतको अनुभूति भएको छ। अर्थतन्त्रमा तरलताको अभाव हुन नदिने, पुनर्कर्जाको सुविधा, ऋण र ब्याजको किस्ता भुक्तानी अवधि थपलगायत विषय तिनले माग गरेका थिए।

मोरङ व्यापार सङ्घका अध्यक्ष प्रकाश मुन्दडा र उद्योग सङ्गठन मोरङका अध्यक्ष भीम घिमिरेले संयुक्त विज्ञप्ति जारी गरी कोभिड- १९ का कारण विश्व अर्थतन्त्र नै शिथिल भएको तथा उद्योगव्यवसाय क्षेत्रलाई पुनर्जीवन दिई चलायमान बनाउनु राज्य र निजी क्षेत्र दुवैलाई चुनौतीपूर्ण रहेको स्थितिमा बैंकले साउन २ गते आर्थिक वर्ष २०७७/७८ का लागि जारी गरेको मौद्रिक नीतिले कोरोना प्रभावित उद्योग व्यवसाय क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानी र रोजगारी गुमाउनेलाई उद्यमशीलता विकासको अवसर दिन बैंक तथा वित्तीय संस्थाबाट पाँच प्रतिशत ब्याजमा कर्जा उपलब्ध गराउने कुराको स्वागत गरिएको छ। अल्पकालीन प्रकृतिका चालुपूँजी कर्जालाई २०७७ पुस मसान्तसम्म भुक्तानी गर्न सकिने गरी नवीकरण गर्न सकिने तथा कोभिड-१९ बाट प्रभावित पेशा/व्यवसायमा प्रवाह भएका कर्जाको २०७७ असार मसान्तसम्मको साँवाको किस्ता र ब्याजलाई क्रमशः २०७७ पुस मसान्तसम्म, २०७७ चैत मसान्तसम्म र २०७८ असार मसान्तसम्ममा भुक्तानी गर्नसक्ने व्यवस्था र अति प्रभावित उद्योग व्यवसायमा रहेको कर्जा भुक्तानीका लागि आवश्यकतानुसार थप समय प्रदान गर्न सकिने व्यवस्था सकारात्मकरुपमा रहेको विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा अर्थतन्त्रलाई पुनरुत्थान गर्न कृषि, ऊर्जा, पर्यटन तथा घरेलु, साना एवं मझौला उद्योगमा कर्जा लगानी प्रोत्साहित गर्ने नीति, आव २०७७/७८ देखि बैंक तथा वित्तीय संस्थाले तोकिएका प्राथमिकता प्राप्त क्षेत्रमा गर्नुपर्ने कर्जा लगानीसम्बन्धी व्यवस्थामा परिमार्जन, पुनर्कर्जाको पहुँच विकेन्द्रीकरण जस्ता प्रावाधान सकारात्मक रहेको जनाइएको छ।

उपलब्ध कोषको पाँच गुणासम्म पुनर्कर्जा उपलब्ध गराउने र यस्तो कर्जा निर्यातजन्य उद्योग र रुग्ण उद्योगलगायत तोकिएका क्षेत्रमा तीन, घरेलु तथा साना उद्यममा पाँच र तोकिएका क्षेत्रमा साधारण पुनर्कर्जा पाँच प्रतिशत ब्याजमा उपलब्ध गराउने, ऋणीको आवश्यकता र परियोजना/व्यवसायको सम्भाव्यताका आधारमा २०७६ चैतमा कायम भएको चालू पूँजी कर्जाको सीमामा बढीमा २० प्रतिशतसम्म सम्बन्धित बैंक तथा वित्तीय संस्थाले थप कर्जा प्रवाह गर्न सक्ने व्यवस्था मिलाइने जस्ता व्यवस्थालाई सकारात्मकरुपमा लिइएको छ।

सम्पूर्ण आर्थिक गतिविधि नै नकारात्मकतातर्फ गइरहेका समयमा निजी क्षेत्रले उठाउँदै आएका मागलाई मौद्रिक नीतिले केही मात्रामा सम्बोधन गरे पनि उद्योग व्यवसायमा प्रवाह हुने ऋणको ब्याज दर पाँच प्रतिशतले घटाउनुपर्ने, बैंकले हरेक वर्ष लगाउँदै आएको ऋणको नवीकरण शुल्कको नियमन गर्ने विषयलाई मौद्रिक नीतिले सम्बोधन गर्न नसकेको व्यापार सङ्घ र उद्योग सङ्गठनले ठहर गरेका छन्।

# अर्थमन्त्री खतिवडा र नेपालका लागि युरोपियन युनियनका राजदूतबीच भेट



**काठमाडौं/मस-**अर्थमन्त्री डा. युवराज खतिवडा र नेपालका लागि युरोपियन युनियनका राजदूत वेरोनीका कोडीबीच भेट भएको छ। सोमबार अर्थ मन्त्रालयमा उक्त शिष्टाचार भेट भएको हो। आफ्नो ३ बर्षे कार्यकाल पुरा गरी ब्रसेल्स फर्कन लागेकी राजदूतले अर्थमन्त्री सँग बिदाई भेट गरेकी हुन।

उक्त भेटमा अर्थमन्त्री खतिवडाले युरोपियन युनियनले नेपालको आर्थिक विकासमा पुर्याएको महत्वपूर्ण सहयोगका लागि धन्यवाद दिएका थिए। उनले निरन्तर सहयोगका लागि अनुरोध समेत गरेका छन्। अर्थमन्त्रीले बहुध्रुवीय विश्व निर्माणमा युरोपियन युनियनले महत्वपूर्ण वैकल्पिक राजनीतिक शक्तिको भूमिका निर्वाह गरेको, नेपाल युरोपियन युनियनसँगको सहकार्यलाई थप उचाईमा लैजान इच्छुक रहेको र सवल युरोपको पक्षमा रहेको धारणा व्यक्त गरेका छन्। उनले युरोपियन युनियनले नेपालको व्यापार, रोजगारी, लगानी, पर्यटन र आर्थिक पुर्नउत्थानमा योगदान बढाउन सक्ने विश्वास व्यक्त गर्दैं नेपालले पाउने बजेट सहायताले नेपालप्रतिको विकास साझेदारको विश्वासलाई प्रतिविम्वित गरेको उल्लेख गरे। आर्थिक/वित्तीय/श्रम लगायत हवाई यातायात, पर्यटन क्षेत्रमा नेपालले आफ्नो प्राथमिकता बढाएको र आर्थिक तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनी व्यवस्था गरी सुशासन, पारदर्शिता र सुधारप्रति प्रतिवद्धता सुदृढ गरेको कुरा जानकारी दिए। यस्तै उनले बजेट सहयोग, सार्वजनिक वित्तीय व्यवस्थापनका क्षेत्रमा गरिने कार्यलाई नतिजासंग आवद्ध गर्ने प्रयास गरिएको बताए।

माननीय अर्थमन्त्रीले अन्तरर्ाष्ट्रिय विमानस्थलको स्तरोन्नति लगायत हवाई सुरक्षा सम्बन्धी कार्यमा नेपाल सरकारले उच्च प्राथमिकता दिएको र युरोपियन पर्यटकहरुको गन्तव्य नेपाललाई बनाउने प्रयास रहेको सन्दर्भमा युरोपियन युनियनले नेपालको युरोपका देशहरुमा हुने उडानलाई अनुमति दिन अनुरोध गरे। उनले धेरै किसिमका विश्वव्यापी एजेण्डामा नेपाल र युरोपियन युनियन सहकार्यमा रहेको बताउँदै साझा हितका सवालमा संगसंगै प्रगति गर्दै जानुपर्ने धारणा राखे।

नेपालले युरोपियन युनियनसंगको सहकार्यमा राम्रो कार्य गरिरहेको आफ्नो धारणा व्यक्त गर्दै राजदुत कोडीले युनियनले नेपालको विकासका लागि विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको र बजेट सहयोग लगायत कोभिड–१९ सम्बन्धी सहयोग समेत आगामी दिनमा निरन्तर रहने कुरा बताइन। युरोपियन युनियनको ७ बर्षे सहायता चक्र यसै बर्ष समापन भै अर्को चरणको ७ बर्षे चक्र थालनी हुने हुँदा त्यसमा समेत नेपाललाई प्राथमिकतामा राखी सहयोग गर्ने प्रतिवद्धता उनले व्यक्त गरेकी छन्। पहिलो चरणमा ३६० मिलियन युरो बराबरको सहायताबाट शिक्षा, स्वास्थ्य, पोषण, पूर्वाधार, कृषि, मानव स्रोत विकास, लगानी, जलवायु परिवर्तन लगायतका क्षेत्रमा सहयोग गरिएको र आगामी सहायतामा यी क्षेत्रको अतिरिक्त स्थानीय विकास, श्रम बजार, डिजिटलाइजेशन लगानी समिश्रण, बजेट सहायता र हरित विकास जस्ता क्षेत्रमा सहायता केन्द्रीत गरी नेपालसंग सहकार्य गर्ने धारणा व्यक्त गरेकी छन्।

# ग्लोबल आइएमई बैंकले साना तथा मझौला व्यवसायीलाई ३ दिनमै कर्जा दिने

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.

**काठमाडौं/मस-**ग्लोबल आइएमई बैंकले साना तथा मझौला व्यवसायमा लगानी गर्न चाहने तथा लगानी गरिरहेका व्यवसायीलाई मध्यनजर गर्दै मात्र ८.९९५व्याजदरमा साना तथा मझौलाव्यवसायी कर्जा उपलब्ध गराउने भएको छ।

बैंकले, कोरोना (कोभिड-१९)ले त्रसित बनाइरहेको अवस्थामा ग्राहकलाई छिटो, छरितो एवंम सहज रुपमा सेवा दिई साना तथा मझौला उद्यमी व्यवसायीहरुलाई हौसला र साथ प्रदान गर्दै उत्पादनमा बृद्धि गर्ने उद्देश्यका साथ छोटो अवधिमै कर्जा प्रवाह गर्न लागेको हो। कर्जा लिन चाहने ग्राहकहरुले आवश्यक कागजातहरु बैंकमा पेश गरेको ३ कार्य दिन भित्र विना झन्झट कर्जा प्राप्त गर्न सक्नेछन्।

ग्राहकहरुले नेपालभरी फैलिएका ग्लोबल आइएमई बैंकका सम्पूर्ण शाखाहरुबाट यो सुविधा उपभोग गर्न सक्नेछन्। यस सेवा अन्तर्गत आफ्नो व्यवसाय विस्तार गर्ने उद्देश्य लिएका व्यवसायीहरुलाई विद्यमान व्यवसाय वा प्रस्तावित साना उद्योग व्यवसायको नगद प्रवाहको आधारमा रु.१५ लाख देखि देखि रु. १ करोड सम्म कर्जा उपलब्ध गराइने छ।

# गड्डाचौकी भन्सारमा बन्दाबन्दीले राजश्व सङ्कलनमा कमी

**काठमाडौं/मस-**कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीले गत आर्थिक वर्ष २०६६/०७७ मा लक्ष्य भन्दा झण्डै ५० प्रतिशतले राजश्व सङ्कलनमा कमी आएको जनाएको छ।

सो कार्यालयलाई वार्षिक रु ४८ करोड ६८ लाख राजश्व सङ्कलनको लक्ष्य दिइएको भएपनि बन्दाबन्दी लगायतका कारणले राजश्वमा कमी आएको हो। कञ्चनपुर भन्सार कार्यालयका निमित्त कार्यालय प्रमुख नहकुल शर्माले गत आर्थिक वर्षमा रु २५ करोड ८४ लाख राजश्व संकलन भएको बताए।

केही वर्षयता भन्सारमा भएको आन्तरिक सुधार र अवैध सामान आयातमा नियन्त्रण गरिएपछि राजश्व बढेपनि ६ महिनायता कोरोनाले राजश्व प्रभावित बनेको छ। "बन्दाबन्दीले यहाँका नाकाहरु अझै प्रभावित भएको छ", निमित्त कार्यालय प्रमुख शर्माले रासससित भन्नुभयो, "अझै भारतीय बजारबाट सामान आयात गर्ने वातावरण बनिसकेको छैन।" गड्डाचौकी नाकाबाट ठुला सवारी साधनभन्दा पनि साइकल र मोटरसाइकलमा बढी सामान ढुवानी हुने गरेको भन्सार कार्यालयको भनाइ छ।

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु
ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।
कसरी आफू बच्ने र अरुलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने।
मध्यान्ह
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
टोनर कार्टेज रिफिल,
CCTV, EPABX बिक्रि तथा मर्मत,
अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर नयाँ बसपार्कमा पनि खुलेको यात्रुहरूलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ